कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...
(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)
वर्ष: २४ | अंक: ४ | वि.सं. २०८१ बैशाख ५ बुधवार | नेपाल संवत: ११४४, चैत शुक्ल नवमी | Wednesday 17 Apr. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ I-

## कर्णालीमा 'बाली र पशुपन्छी विशेष कार्यक्रम' सुरु

**युग संवाददाता**
**सुर्खेत, ४ वैशाख ।**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालु आर्थिक बर्षदेखि 'बाली र पशुपन्छी विशेष उत्पादन क्षेत्र कार्यक्रम' कार्यान्वयनमा ल्याएको छ। चालु आवमा १० करोड बजेट विनियनेजन भएसँगै विभिन्न उत्पादनलाई भौगोलिक विभाजनका आधारमा विशेष उत्पादन क्षेत्र तोकेर प्रदेशका दश वटा जिल्लामा कार्यक्रम सञ्चालन गरिएको हो।

प्राविधिक दृष्टिकोणले उपयुक्त सम्भावना देखिएका बाली तथा पशुपन्छीको उत्पादनका क्षेत्रहरूलाई विशेष क्षेत्रका रूपमा निर्धारण गरी व्यावसायिक कृषिको विकास गर्ने लक्ष्य तय गरिएको मन्त्रालयका सूचना अधिकारी रामभक्त अधिकारीले बताए।

कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि-२०८० निर्माण गरी कार्यक्रम कार्यान्वयनमा ल्याइएको उनले जानकारी दिए। कृषि क्षेत्रको विकासका लागि सम्बन्धित क्षेत्रको सम्भावित बाली उत्पादन बृद्धि गर्ने लक्ष्यअनुसार पहिलो बर्ष पाइलट प्रोजेक्टका रूपमा कार्यक्रम सञ्चालन गरिएको सूचना अधिकारी अधिकारीले बताए।

कृषिको आधुनिकीकरण, व्यावसायिकीकरण र यान्त्रिकीकरण गराउने योजनासहित दशवटा जिल्लामा कार्यक्रम लागू गरिएको उनको भनाई छ। उत्पादन विशेष क्षेत्र निधारण गरेको, कलष्टरभित्र पर्ने कृषक, फार्म/कम्पनी, समूह सहकारी, कृषिसम्बन्धी समितिलाई मात्र कार्यक्रममा छनौंट गरिनेछ।

कार्यक्रमले स्थलगत क्षमता विकास तालिम, बजारिकरणमा सहयोग, प्राङ्गारिक मल, जैविक मल, जैविक विषादी लगायत विषयमा जानकारी दिनुका साथै आवश्यक सहयोग उपलब्ध गराउनेछ। कार्यक्रमको कार्यान्वयन सम्बन्धित जिल्लाका जिल्ला कृषि विकास कार्यालयमार्फत गरिने अधिकारीले जानकारी दिए। रैथाने बालीको संरक्षण र प्रवर्द्धन गर्ने, उत्पादन बढाउने, बजारीकरणमा सहयोग पुऱ्याउने लक्ष्य मन्त्रालयले लिएको छ। प्राङ्गारिक तथा जैविक मलको उत्पादन र उपयोगलाई प्रोत्साहित गरिनेछ। 'बाली लगाउनुपूर्व नै प्रमुख कृषि वस्तुहरूको न्यूनतम समर्थन मूल्य निर्धारण गरिने, नीति तथा कार्यक्रममा राखिएको छ' सूचना अधिकारी अधिकारीले भने।

त्यस्तै, कृषि बाली, पशुपन्छी, मत्स्य तथा कृषि वनजन्य व्यवसायलाई समेट्ने कार्यक्रमको लक्ष्य रहेको मन्त्रालयले जनाएको छ। कार्यक्रमले उपयोगमा नआएका तथा बाँझो जमिनमा कृषि खेती प्रवर्द्धन गर्ने र कृषि उत्पादन वृद्धि गर्न भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरिने पनि जनाइएको छ। जिल्ला कृषि विकास कार्यालय सल्यानले बाली विशेष कार्यक्रमका लागि तीन वटा बाली छनौंट गरेको छ। कार्यालयका निमित्त प्रमुख रेशमकुमार बस्नेतका अनुसार सुन्तला जात फलफूल विशेष उत्पादन कार्यक्रम, तरकारी उत्पादन विशेष क्षेत्र कार्यक्रम, अदुवा, बेसार क्षेत्र विशेष कार्यक्रम रहेका छन्। तीन वटा बाली विशेष कार्यक्रमका लागि यो बर्ष ८६ लाख बजेट विनियोजन

बाँकी ४ पेजमा

### लखरपाटा सिमेन्ट खानीमा जग्गा विवाद

# उद्योग अदालत पुगेपछि त्रासमा स्थानीय

**ओम शाही**
**सुर्खेत, ४ बैशाख ।**

सूर्यतारा सिमेन्ट उद्योग प्रालिले सुर्खेतको बराहताल गाउँपालिका वडा नम्बर ७ का नौ जना स्थानीयविरुद्ध उच्च अदालतमा रिट दायर गरेपछि स्थानीय त्रसित बनेका छन्। उक्त स्थानमा उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ चुनढुङ्गा उत्खनन खानी स्थापना गर्न स्थानीयले जग्गा प्राप्तिमा अवरोध गरेको भन्दै सूर्यतारा इन्भेष्टमेन्ट प्रालिका अध्यक्ष मुकुन्द तिमिल्सेनाले जग्गाधनीका विरुद्ध अदालतमा मुद्दा दायर गरेका छन्। मुद्दा परेपछि अनावश्यक कानुनी झमेला व्यहोर्न बाध्य हुनु परेको स्थानीहरूको गुनासो छ।

उद्योग स्थापनाको सुरुवाती चरणमै विवादको संकेत देखा पर्न थालेपछि दशकौं पछि अगाडि बढेको आयोजना पुनः अलपत्र पर्ने हो कि भन्ने चिन्ता स्थानीयमा बढ्न थालेको छ। संविधानमा उल्लेख भएको नागरिकको मौलिक हकले प्रत्येक नागरिकलाई कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक सुनिश्चित गरेको भए पनि उद्योगले स्थानीयको उठिवास लगाउन खोजेको स्थानीय अगुवा पदमबहादुर घर्तीले दाबी गरे।

उद्योग कार्यान्वय गर्दा यसबाट खानी स्थल र नजिकका बस्तीहरूमा पर्न सक्ने वातावरिणय प्रभावको जोखिमलाई कम गरी स्थानीयको जीवनस्तर उठाउने खालका योजनाहरू सञ्चालन गरी स्थानीयको मन जित्ने गरी काम गर्नुको साटो उल्टै अदालतमा मुद्दा हालेर उठिवास लगाउन खोजेको आरोप घर्तीको छ। बर्षौंदेखि आफ्नै बारीमा खानी सञ्चालन भएको देख्न चाहे पनि उद्योगले आफूहरूलाई अनावश्यक कानुनी झन्झटमा फसाईदिएको स्थानीय दाना गाहाले गुनासो गरिन्।



कच्चा पदार्थ उत्खननका लागि सञ्चालन गरिने खानीस्थलबाट नजिकका वस्तीहरूमा पर्न सक्ने सामाजिक तथा वातावरिणय प्रभावको व्यवस्थापन र जग्गाको उचित मुआब्जा दिने विषयमा स्थानीयस्तरमा कुनै पनि छलफल नगरी उद्योगले अपनाएको बाटो गलत रहेको गाहाले बताइन्। स्थानीयस्तरमा ठूलो विवाद केही पनि नभएको उल्लेख गर्दै उद्योगले अदालतमा मुद्दा हालेर सोझा स्थानीयहरूलाई पहिलो गासमै ढुङ्गा दिए सरह भएको उनले बताइन्।

केही समय अघि सूर्यताराले बराहताल गाउँपालिका-७ को लखरपाटामा १२ दशमलव चार हेक्टर क्षेत्रबाट चुनढुङ्गा उत्खनन गर्न सरकारबाट अनुमति पाएको थियो। उक्त अनुमती पश्चात उद्योगले खानी क्षेत्रमा घेरबार गरी चुनढुङ्गा उत्खनन लागि प्रक्रिया अगाडि बढाएको थियो।

उद्योगले खानी सञ्चालनका लागि प्राप्त गरेको उक्त जग्गा सरकारी स्वामित्वमा रहेको छ। उक्त क्षेत्रमा खानी सञ्चालनका लागि भएको वतावरणीय प्रभाव मूल्यांकन (ईआईए) मा खानी सञ्चालन क्षेत्र नजिक पर्ने नौ घर बाहेक अन्य बस्तीमा दीर्घकालीन असर नपर्ने उल्लेख भएअनुसार उद्योगले काम अगाडि बढाउन खोज्दा स्थानीयले विवाद सिर्जना गरेपछि अदालतको सरणमा पुग्न बाध्य भएको सूर्यताराको दाबी छ।

पहिलो चरणमा स्थापना हुने उक्त स्थानको खानीबाट प्रभावित हुने कालुमारेका नौ जना स्थानीयलाई उद्योगले मुआब्जा दिने प्रक्रिया थालेको थियो। तर, स्थानीयबाट उद्योगले दिने भनिएको प्रति रोपनी बराबरको रकम कम हुने बताएपछि विवाद सुरु भएको बताईए पनि आफूहरूसँग उद्योगले कुनै पनि प्रकारको संवाद नगरेको स्थानीय जग्गाधनी नन्दलाल सारुले बताए।

आफूहरूलाई बिना जानकारी उद्योगले दायर गरेको मुद्दाको पत्र एक्कासी पाएपछि संशङ्कित हुन पुगेको सारुले बताए। आजसम्म कुनै कानुनी झमेलामा नपरेको बताउँदै अब कसरी अगाडि बढ्ने भन्ने विषयले पिरोल्न थालेको उनले गुनासो गरे।

### यस्तो छ उद्योगले दर्ता गराएको मुद्दा

उद्योगले उच्च अदालत सुर्खेतमा नौ जना स्थानीयविरुद्ध दर्ता गराएको रिट निवेदनमा कानूनी प्रक्रिया पूरा गरेर खानी क्षेत्रमा पर्ने जग्गा निर्वाध प्रयोग गर्न पाउनुपर्ने दाबी गरिएको छ। बराहताल गाउँपालिका-७ लखरपाटास्थित खानीक्षेत्र (माइन एरिया) भित्रको उत्खनन क्षेत्रमा भएका जग्गाका जग्गाधनीले हालसम्म जोतभोग गरी खेतीपाती नगरेको र भविष्यमा खेतीका लागि समेत उपयुक्त नभएको उद्योगले रिटमा दाबी गरेको छ।

यस्ता प्रकृतिका जग्गाहरूमा १७, १९, ७४, ७५, ८०, ७८, ७७ र ८१, ८२, ८३ र ८४ नम्बर कित्ता कायम रहेको छ। नेपाल सरकार तथा ती कित्ताका जग्गाधनी रहेका मनबिर घर्ती, नन्दलाल सारु मगर, रविलाल गरंजा, भत्ते घर्तीमगर, पदमा कुमारी खाती, टेकबहादुर बुचामगर, यामबहादुर पुलामी, पुनमकुमारी घर्तीमगर र मन्जुकुमारी थापालाई विपक्षी बनाई उद्योगले रिट दायर गरेको छ।

'अदालतको आदेशबाट जिल्ला प्रशासन कार्यालय सुर्खेत र प्रमुख जिल्ला अधिकारीले न्यायोचित आधारमा मूल्य कायम तथा निर्धारण गरेमा कायम भएको मूल्य रकम अदालतकै रोहबरमा सम्बन्धित जग्गाधनीलाई तिरी खरिद गर्न निवेदक सूर्यतारा सिमेन्ट उद्योग प्रालि इच्छुक रहेको कुरा सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु,' उद्योगले उच्च अदालतमा दर्ता गराएको रिटमा भनिएको छ।

अन्यथा सो बमोजिम हुन नसके खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २१ को उपदफा १ को खण्ड (ख) र जग्गा प्राप्ति ऐन, २०३४ को दफा ४ को उपदफा (१) बमोजिम निजी स्वामित्वमा भएको उल्लेखित कित्ता जग्गा उद्योगको खर्चमा आफूले अधिग्रहण गर्न पाउनुपर्ने परामादेशसहित आदेशको मागिएको छ।

मुकुन्द तिमिल्सिना अध्यक्ष रहेको उक्त समूहले लखरपाटामा अवस्थित खानीबाट चुनढुङ्गा उत्खनन गरी चौकुने गाउँपालिकाको वडा नम्बर ९ स्थित सुनाकाँडामा प्रशोधन गर्ने गरी प्रारम्भिक चरणका कामहरू गरिहेको छ। उद्योग सञ्चालनका लागि सुनाकाँडामा आवश्यक जग्गासमेत कम्पनीले जग्गा प्राप्ति गरिसकेको छ। उद्योग सञ्चालनका लागि लगानी बोर्डले

बाँकी ४ पेजमा

## दुर्गम गाउँमा पहिलो पटक स्वास्थ्य शिविर

**युग संवाददाता**
**कालीकोट, ४ वैशाख ।**

कालीकोट जिल्लाको दुर्गम गाउँ नरहरिनाथ गाउँपालिका-७ उच्छवमा पहिलो पटक स्वास्थ्य शिविर सम्पन्न भएको छ। उच्छव गाउँमा अहिलेसम्म कुनै शिविर सञ्चालन नभएकामा सोमबार गाउँपालिकाको आयोजनामा पहिलो पटक स्वास्थ्य शिविर सम्पन्न भएको हो।

उच्छव गाउँमा पहिलो एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरेर विभिन्न बिरामीको स्वास्थ्य जाँच गरिएको छ। गाउँमा पहिलो पटक स्वास्थ्य शिविरको आयोजना भएको भन्दै यस्ता शिविरमार्फत वृद्धवृद्धाले सेवा लिन सहज हुने नरहरिनाथ-७ का ७५ बर्षिया रामबहादुर बोहोराले बताए। समय समयमा स्थानीय सरकारले यस्ता शिविर आयोजना गर्नुपर्नेमा उनले जोड दिए। 'मैले पहिलो पटक गाउँमा नै स्वास्थ्यकर्मी आएर शिविर चलाएको देखैं', बोहोराले भने, 'अहिलेसम्म गाउँमा स्वास्थ्य शिविर सञ्चालन भएको थिएन।'

गाउँपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई शाखाले आयोजना गरेको शिविरमा अल्ट्रा साउण्ड, आँखाको परीक्षण, गर्भवती जाँच, प्रयोगशाला सेवा बहिरङ्ग सेवा लगायत स्वास्थ्य परीक्षण गरिएको शाखा प्रमुख मानबहादुर सहकारीले बताए। उनका अनुसार शिविरमार्फत तीन सय ४२ जनाले स्वास्थ्य परीक्षण गराएका छन्।

डिपेन्डेन भिसा
सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क नं.: ९७६९७७२९४४, ९७६९७७२९२३






## सम्पादकीय....

# संस्थागत विद्यालयमा भर्ना शुल्कको आतंक

नेपालको संविधानको धारा (३१) को शिक्षासम्बन्धी हकको उपधारा (२) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था छ। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ मा पनि माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने व्यवस्था छ। यो व्यवस्था लागू भएको भए यहाँका बालबालिकाहरू निःशुल्क पढ्न पाउने थिए तर बिडम्बना ! सामुदायिक (सरकारी) विद्यालयमा पढ्न अभिभावक आफ्ना छोराछोरीलाई शुल्क तिरेर पढाउन बाध्य छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले सामुदायिक तथा निजी विद्यालयको सुधार, व्यवस्थापन, शुल्क निर्धारण र अनुगमन गर्ने जिम्मा पाएको छ। तर सामुदायिक विद्यालयले नै यसरी कानुनविपरीत शुल्क असुली रहे पनि स्थानीय तहहरू मौन छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले सरकारी तथा निजी विद्यालयको सुधार, व्यवस्थापन, शुल्क निर्धारण र अनुगमन गर्ने जिम्मा पाएको छ। स्थानीय तह निदाउँदा यतिखेर निजी विद्यालयहरूले आफूखुसी तोक्दै शुल्क लिइरहेका छन्। अहिले देशभर नयाँ शैक्षिक सत्रका लागि भर्ना अभियान चलिरहेको छ। भर्ना शुल्क पनि मनोमानी लिइरहेका छन्। बिल सामाजिक सञ्जालमा सार्वजनिक हुन थालेका छन्। तैपनि स्थानीय तह चुप छन्। कानुनमा निःशुल्क शिक्षा भनिए पनि सामुदायिक विद्यालयहरूले विभिन्न शीर्षकमा शुल्क असुल्दै आएका छन्। तर न केन्द्र सरकार न त प्रदेश तथा स्थानीय तहले नियमन नै गर्न सकेको छ। यसको प्रत्यक्ष आर्थिक भार अभिभावकहरूलाई परेको छ।

सरकारबाट जारी संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ मा कुनै कक्षामा भर्ना भइसकेको विद्यार्थी सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्दा भर्ना शुल्क लिन नपाइने व्यवस्था छ। विद्यालयले लिने शुल्कको प्रस्ताव विद्यालय व्यवस्थापन समितिबाट निर्णय गरी जिल्ला शिक्षा समन्वय कार्यालयमा शैक्षिक सत्र शुरु हुनुभन्दा २ महिनाअगावै पेस गर्नु पर्नेछ। 'यसरी शुल्क निर्धारण गर्दा शिक्षा नियमावलीको अनुसूची २२ मा भएको व्यवस्थाअनुसार गरिनु पर्नेछ। विद्यालयले शुल्कको स्वीकृति लिँदा तोकिएको सेवा सुविधा नभएको शीर्षकमा शुल्क लिन पाइनेछैन' निर्देशिकामा भनिएको छ। अधिकृत कर्मचारीलाई स्थलगत निरीक्षणमा खटाई समग्र अध्ययन गरी प्राप्त भएको राय ठहर सहितको प्रतिवेदनका आधारमा शैक्षिक सत्र शुरु हुनु १५ दिनअगावै विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समितिबाट शुल्क प्रस्ताव स्वीकृत गर्नु/ गराउनुपर्ने व्यवस्था निर्देशिकामा छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०८१ को शैक्षिक सत्रमा निजी विद्यालयहरूले लिने शुल्कको निर्धारण स्थानीय तहबाट गर्ने र जिल्ला समन्वय समिति तथा जिल्ला शिक्षा समितिले शुल्क निर्धारणमा सहजीकरण गर्ने निर्देशन दिएको छ।

शिक्षामा पहुँच विस्तार गर्नुका साथै पूर्वाधार निर्माण र गुणस्तर सुधार गरी उत्पादनशील र नवप्रवर्तनशील मानव पुँजी विकास गरिनेछ। तथ्य र विज्ञानमा आधारित शिक्षा प्रवर्द्धन गर्दै लगिने, प्रदेश र स्थानीय तहको सहकार्यमा रोजगारमूलक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने विद्यालय शिक्षा क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा ल्याइने घोषणा यसअघि पनि सरकारबाट आएका थिए। समाजवादोन्मुख संविधानको परिकल्पनाअनुसार शिक्षाका अधिकारको कार्यान्वयनमा पूर्णता नहुँदा शिक्षाको मौलिक हक केवल संविधान र कानुनका कागजमा सीमित भएका छन्। संविधानको मौलिक हकको कार्यान्वयनका लागि बनेको 'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५' मा चार वर्षदेखि १३ वर्ष उमेर समूहका बालबालिकाहरुलाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्था गरेको छ।

# संसद बहिस्कार कहिले सम्म ?



पृथ्वी वहादुर सिंह

बहुदलिय प्रजातन्त्र पुन : प्राप्त भएको लोकतान्त्रिक गणतन्त्र स्थापना २०७३ जन संविधान घोषणा भएको ६ वर्ष भयो। वि.पि. कोइराला र पुस्पलालको समाजवाद नारा लिएर संसदिय राजतन्त्र, गणतन्त्र घोषणापछि २४० बर्ष निरंकुश राजतन्त्र अन्त्य भएर शक्ति विकेन्द्रिकरण संघीय गणतन्त्र शक्ति पृथकीकरणबाट देश सुशासन खोज्न अगाडी बढिरहेको छ। जंगवहादुरले लगाएको भाडाको प्रदेशको लाहुरे संस्कृती बढेर भारत, बेलायत ब्रोनाई बहराईनसम्म युवा राइफल समाउन निरंन्कुश शाह राणाकालले देशीयकर युवाको रिमिटेन्स (विप्रेषण) खाएर मोजमस्ती गरेर गाउँमा लाहुरेकी श्रीमतीसंग मुखिया, जिम्वाल, राणा शाहरु मोज गरे। दक्षिणपन्थी, वामपन्थीहरुले आ-आफनो समाजवाद नारा लगाएर हजारौ हजार निरंकुशता अन्त्यको लागि शहिद बनाए। २०४८ साल पछि पुनःप्रजातन्त्र २०६४ गणतन्त्र पछि दुवै फरक वादको समाजवाद नारा बोकेका स्वतन्त्रताका सेनानीहरु सत्तारुढ भए। अपार प्रकृतीले दिएको वहुमुल्य सम्पदा देश भरि पूर्णको सपना देखाउने आत्मनिर्भर बनाउने दलवादीहरु राज्य सत्ता धुरीमा पुगेको यति बर्ष हुँदासम्म सत्ता पुगी आ-आफना दलाल नातेदार अनेक प्रकारको फेरिस्ताबाट कमाउन सेटिङबाट राज्य विभिन्न अंगमा आफ्ना रंगरुट स्थापित गराउन र संस्थागत भ्रष्टाचार कमी आएको छैन। सत्तामा जान बहुमत सरकारले मध्यवती घोषणा गरे। संसदवादी माओवादी भएर बन्दुक उठाएर १० बर्षे द्धन्द्ध मच्चाएर हजारौ युवाको शहिद लास्कर लगाए। यहि द्धन्द्ध फाइदा उठाएर निरंन्कुश चाहने दरवारिया टाउको उठाएर पटक पटक बहुदलिय प्रजातन्त्र अन्त्य गरेर निरंकुशतन्त्र चाहने राज संस्था सदाको अन्त्य गरेर पठाए।

मानवले पहिलो सपना देख्छ मानव विकासक्रम त्यसपछी साकार बनाउँदै आएको छ। सपना देखाउनेहरुका पछाडि नै पीडित मानिसको हुल लाग्ने गर्दछ। नयाँ नेपाल बनाउन समाजवाद आवश्यक छ। निरंन्कुश तन्त्र नै गतिशिलताको बाधक हो भनि यि दलालवादीहरुका योजनामा सात दशकसम्म निरंन्कुश बिरुद्ध गणतन्त्र नेपाल स्थापना गर्दासम्म अनेकौं प्रकारका एकतान्त्रिक निरंन्कुशको जेलनेल यातना हजारौं हजार शहिद हुन गएका हुन।

पुनः प्रजातन्त्र त्यसपछी संघीय गणतन्त्र २०७२ को जन-संविधान लागु भएर दुई पटक तिन तहको निर्वाचन भएर यि दलालवादीहरु समाजवाद बनाउने सपना देखाउनेहरुले सत्ता सञ्चालन गरिरहेका छन्। प्रजातन्त्रमा प्रजातान्त्रिक जनमत आधारमा राज्य तिनै तहले सुशासन संचालन निति, नियम कानुन निर्माणहरु वैधानिक तरिकाले सञ्चालन हुन पर्छ। पछिल्लो समय युरोपका इस्केन्डभिडन मुलुकहरुमा देश निर्माण सुशासन सत्ता सञ्चालनमा एकमाना सरकार भए पनि सहमती सहकार्य संसद सत्ता सञ्चालन गरी उच्च विकास आत्मनिर्भर मुलुक बनिरहेका छन्। हाम्रो छिमेकी भारतमा अटलविहारी वाजपेयी ले मिलीजुली सरकार पाँच बर्ष चलाएका थिए। सानो मुलुक सिंगापुर स्वतन्त्रताको भुमिमा निभाउने लिक्यानयु सुन्द्रर सिगापुर निर्माण गरे। राजनितीबाट सन्यास लिएपछि ९० वर्ष पुग्दा पुनः सत्ता आउन जनमाग भएपछी विजयी बनाएर पुनः सत्ता आए सिगापुर सुनपुर बनाए। हाम्रो वि.पि. पुस्पलालका चेलाहरुलाई राज्य सत्ता जाने बंगला निर्माण गर्ने छोराछोरी विदेश अध्ययन गर्न पठाउने स्वदेशमा बोर्डिङ-स्कुल, मेडिकल कलेज प्रा.लि. अस्पताल शेर हाल्ने लुटने म्यानपावर कम्पनीबाट युवायुवती परदेश श्रमदास पठाउने उनीहरुले पठाएको रेमिन्टेस (ब्रिप्रेशन) अनेकौ विकृतीबाट कमिसन भ्रष्टाचार गर्ने ९ महिने एक बर्ष सत्तामा जाने ओर्लने कमाउ धन्दा भएको छ। के यसरी समाजवाद आउला ?

सत्ता सञ्चालनका ३५ वर्षमा राज्यका अंगमा बसेका नेतृत्वहरु नै राज्यका अंगहरु परिचालन गरेर अनेकौ फेरिस्तबाट कमाएको व्यक्तिहरु नाम सञ्चारदेखी पक्राउ पर्न थालेपछी अनेक प्रकारले संसद अबशेध बहिस्कार गर्ने एक बर्ष ५ महिनामा दुई विल पास गर्ने गाइजात्रा गरिरहेका छन्। पंचायत कालमा जेलनेल खाएका नेतृत्व संधै साँवा, ब्याज उठाउन आफै मात्र नेतृत्वको टुपिमा टाँसी रहन अनेकौं हर्कत सामान्ती लेठो छोडन नसकी त्यो व्याज परिवारका सदस्यहरु समेत व्याज प्राप्त गर्न तल्लिन भै लागिरहेका छन्। के यस्तै प्रकारले देश आत्मनिर्भर देखी भाडा प्रदेशमा पठाउने लाहुरे युवायुवती समेत अरव तातो श्रम गर्न जाने क्रमको अन्त्य होला, स्वदेशको उन्नती गरी श्रम लगाउलान ? यस्तै केही महिनामा सत्ता परिवर्तन अस्थिरता बनाई राखे जनता विकल्प खोज्दछन। यो प्राकृतिक नियम हो। संधै संसद अवरोध बहिस्कार कहिले सम्म ?

# जरिवाना तिर्न ट्राफिक कार्यालय जानुपर्ने बाध्यता हट्दै

**युग संवाददाता**
**काठमाडौँ, ४ वैशाख ।**

ट्राफिक नियम उल्लङ्घन बापत जरिवाना तिर्न सेवाग्राहीलाई ट्राफिक कार्यालयसम्म पुग्नुपर्ने बाध्यता विस्तारै हट्दै गएको छ। ट्राफिक प्रहरीले प्रविधियुक्त प्रणाली प्रयोगमा ल्याएसँगै अभिलेख सङ्कलन गरी कारबाही गर्न सहज भएको जनाएको छ।

ट्राफिक नियम उल्लङ्घन र ट्राफिक जरिवाना भुक्तानीसम्बन्धी प्रणाली प्रयोगमा आएपछि उक्त झन्झटबाट सेवाग्राही मुक्त हुँदै गएका काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले बताए। "उक्त प्रणालीमार्फत ट्राफिक प्रहरीले विभिन्न ट्राफिक नियम उल्लङ्घन गरेबापत जारी गर्ने चिट र कारबाहीको विवरण अभिलेखमा राख्दछ। कति जरिवाना तिर्नुपर्ने हो यस प्रणालीले स्वचालित रूपमा निर्धारण गर्छ। पटके कसूरको विवरण पनि यस प्रणालीले आफैँ हिसाब राख्नछ", उनले भने। नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले भने, "नेपाल प्रहरी कार्ययोजना, २०८० ले व्यवस्था गरेको प्रविधिमैत्री सेवाको संस्थागत विकास गर्ने लक्ष्य अनुरूप आधुनिक प्रविधिको प्रयोगमार्फत प्रहरी सेवालाई थप चुस्त बनाउन उक्त प्रणाली महत्वपूर्ण बनेको छ।" उनका अनुसार हालसम्म ४५ जिल्लामा यो प्रणाली कार्यान्वयनमा आएको छ।

प्रणालीले ट्राफिक जरिवाना असूल गर्न र सेवाग्राहीलाई झन्झटमुक्त सेवा प्रदान गर्न सहजीकरण गर्ने अपेक्षा प्रहरीले गरेको छ। धेरै अघिदेखि सुरु गरिएको टिभिआरएस प्रणाली समयानुकूल परिमार्जन गर्दै आर्थिक वर्ष २०७६/७७ देखि हालको अवस्थामा काठमाडौँ उपत्यकामा उक्त प्रणाली सञ्चालनमा आएको हो। आर्थिक वर्ष २०७६/७७ देखि हालसम्म ३१ लाख ४७ हजार नौ सय ५३ वटा ट्राफिक नियम उल्लङ्घनका घटना यस प्रणालीमा दर्ता भएका छन्। जसबाट कूल रु दुई अर्ब ३३ करोड दुई लाख २८ हजार नौ सय ६४ राजस्व सङ्कलन भएको प्रहरीले जनाएको छ। प्रणाली सञ्चालनसँगै सर्वसाधारणले ट्राफिक जरिवाना पारदर्शी रूपमा सहजै तिर्न पाएका छन्।

टिभिआरएस प्रणालीको विकास र अनुगमन नेपाल प्रहरी प्रधान कार्यालय सूचना प्रविधि निर्देशनालयले गर्दै आएको छ। निर्देशनालयका प्रमुख प्रहरी नायब महानिरीक्षक अरूणकुमार भण्डारीले सेवाग्राहीको सहजताका लागि यो प्रणालीको विकास गरिएको भन्दै यसको सफ्टवयरले ट्राफिक नियम उल्लङ्घन गर्नेको नाम, सवारी साधनको नम्बर र कसूरको प्रकार ट्र्याक राख्ने जानकारी दिए।

ट्राफिक प्रहरीले सवारी तथा यातायात व्यवस्था नियमावली अनुसार विभिन्न नियम उल्लङ्घन गर्ने व्यक्तिलाई जरिवाना तथा कारबाही गर्छ। कारबाहीमा परेका व्यक्तिको चिट नम्बर र लाइसेन्स नम्बर, ब्ल्यु बुक, नाम र अन्य विवरण इन्ट्री गरिन्छ। कारबाहीमा परेका व्यक्तिले अनलाइनमार्फत वा सम्बन्धित राजस्व खाता भएको बैंकको शाखामा गई जरिवाना बापतको राजस्व रकम भुक्तान गर्न सक्नेछन्। काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले यस प्रणालीले ट्राफिक कारबाही गर्न पटके हो वा होइन हेर्न सजिलो बनाएको बताए।

# सडक बत्तिको लाइन काट्न जाँदा विवाद



**युग संवाददाता**
**सुर्खेत, ४ वैशाख ।**

सडक बत्तीको लाइन काट्न पुगेका नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र सुर्खेतका कर्मचारीलाई स्थानीयले रोकेका छन्। वीरेन्द्रनगर-८ गुराँस टोलमा सडक पोलमा राखिएका वत्तीको लाइन काट्न गएका कर्मचारीहरुलाई स्थानीयले रोकेका हुन्।

प्राधिकरणले सडक किनाराका विद्युतका पोलहरुमा जडान वापतको बक्यौता शुल्क नतिरेको भन्दै लाइन काट्ने अभियान नै थालेको छ। प्राधिकरणले हालसम्म वीरेन्द्रनगरका विभिन्न टोल एक हजार पोलमा जडान गरिएका सडक वत्ती हटाएको छ। सोही क्रममा मंगलबार विहान गुराँस टोलमा लाइन काट्न गएका विद्युतका कर्मचारी र स्थानीयविच भनाभन चलेको हो।

जसरी पनि लाइन काट्ने भन्दै विद्युतका कर्मचारी झोक्किएपछि स्थानीयले पोल नै उखलेर लैजाउ भनेपछि विवाद भएको थियो। स्थानीयले कुनै हालतमा वत्तीको लाइन काट्न नदिने अडान लिएका छन्। वितरण केन्द्र सुर्खेतका प्रमुख अशोक लोहनीले २०७३ यता वीरेन्द्रनगरका विभिन्न टोल तथा सडक किनाराका पोलहरुमा जडान गरिएका वत्तीका बक्यौता नतिरेकाले लाइन काट्न थालिएको जानकारी दिए। 'जरिवनासहित करिव पाँच करोड बक्यौता उठाउन बाँकी छ,' उनले भने, 'हामीले शहर अन्धकार बनाउन लाइन काटेको हैन्। अव्यवस्थित सडक वत्ती वापतको शुल्क उठाएर व्यवस्थित गर्न खोजिएको हो।'

## विदेश

# इजराइल आक्रमणपछि इरानद्वारा आणविक केन्द्र बन्द



**संयुक्त राष्ट्रसङ्घ, ४ वैशाख (रासस/एएफपी)।**

इरानले सप्ताहन्ततमा इजराइलमाथि ठूलो मात्रामा ड्रोन र मिसाइल हमला गरेपछि 'सुरक्षाका कारण' आफ्नो आणविक केन्द्रहरू अस्थायीरूपमा बन्द गरेको संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी संस्थाका प्रमुखले सोमबार बताएका छन्।

राष्ट्रसङ्घीय सुरक्षा परिषद्को बैठकका क्रममा पत्रकारहरूहरूले अन्तर्राष्ट्रिय आणविक ऊर्जा ऐन्सी (आइएइए) का प्रमुख राफेल ग्रोसीलाई आक्रमाणको प्रतिशोधमा इरानी आणविक केन्द्रहरूमा इजराइली आक्रमणको सम्भावनाप्रति चिन्तित हुनुहुन्छ भनी प्रश्न गरेका थिए।

"हामी सधैँ यसको सम्भावनाको बारेमा चिन्तित छौँ, म के भन्न सक्छु भने इरानमा आणविक केन्द्रहरूको निरीक्षण गरिरहेका हाम्रा निरीक्षकहरूलाई इरान सरकारले हिजो आइतबार सुरक्षाका कारण सबै आणविक केन्द्र बन्द रहनेछ भनेर जानकारी गराएको छ", उनले भने।

उनका अनुसार सोमबार आणविक केन्द्रहरू पुनः खुल्नुपर्ने थियो तर निरीक्षकहरू अर्को दिनसम्म फर्कने छैनन्। 'अत्यधिक संयमता' अपनाउन आग्रह गर्दै उनले भने, "स्थिति पूर्ण शान्त नभएसम्म मैले निरीक्षकहरूलाई फर्कन नदिने निर्णय गरेँ।" दमास्कसमा आफ्नो वाणिज्य दूतावासको भवनमा भएको हवाई आक्रमणको जवाफमा इरानले आइतबार राति इजराइलमाथि तीन सयभन्दा धेरै ड्रोन र मिसाइल प्रहार गरेको थियो। दमास्कसमा भएको इजराइली आक्रमणमा इरानका दुई जनरलसहित रिभोल्युसनरी गार्डका सात सदस्य मारिएका थिए।

इजराइल र उसका सहयोगीहरूले इरानका अधिकांश हतियारलाई खसाएको थियो र इरानी आक्रमणमा सामान्य क्षति भएको थियो तर सम्भावित इजराइली प्रतिशोधका बारेको चिन्ताहरूले पुनः क्षेत्रीय युद्धको डर उत्पन्न गरेको छ। इजराइलले पहिला पनि यस क्षेत्रमा आणविक स्थलहरू विरुद्ध कारबाही गरिसकेको छ। सन् १९८१ मा वासिङ्टनले विरोध गरे पनि इजराइलले सद्दाम हुसेनको इराकमा ओसिरिक आणविक रिएक्टरमा बम हमला गरेको थियो। साथै उसले सन् २०१८ मा ११ वर्षअघि सिरियामा एउटा रिएक्टरविरुद्ध उच्चस्तरको गोप्य हवाई हमला सुरु गरेको स्वीकार गरेको थियो।

तेहरानले इजराइलमाथि सन् २०१० मा दुई इरानी आणविक भौतिकविद्को हत्या गरेको र गत वर्ष एउटा अर्को अपहरण गरेको आरोप लगाएको छ। यसका साथै सन् २०१० मा स्टक्सनेट भाइरसको प्रयोगमार्फत परिष्कृत साइबर हमलाका कारण युरेनियम संवर्धनका लागि प्रयोग गरिने इरानी सेन्ट्रिफ्युजमा शृङ्खलाबद्ध तरिकाले खराबी आएको थियो। तेहरानले यसका लागि इजराइल र संयुक्त राज्य अमेरिकालाई दोष दिएको थियो। इजराइलले इरानमाथि आणविक बम हाँसिल गर्न चाहेको आरोप लगाएको छ। इरानले उक्त आरोपलाई अस्वीकार गरेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष:** आज सहकर्मीबाट विरोध आउला। गलत निर्णय लिन पुगिनेछ। चोटपटकको भय छ सचेत रहनुहोला। यात्रामा मालसामान पनि हराउन सक्छ।

**वृष:** कुनै कुराले मनमा शान्ति छाउनेछ। घुमफिर र सफल यात्राका विशेष अवसर मिल्ने छन्। पराक्रम बढ्नुका साथै कीर्ति वृद्धिको योग पनि देखिन्छ।

**मिथुन:** प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। आफ्नो अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइने छ।

**कर्कट:** व्यवसायको सन्दर्भमा आदर्श व्यक्तिसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ। लगनशीलताले कामहरू अगाडि बढ्नेछन्। साथीभाइसँग समय बित्नेछ।

**सिंह:** अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। सरकारी निकायको भय रहनेछ। स्वास्थ्यमा प्रतिकूलता रहन सक्नेछ अतः सजग रहनु उचित हुने देखिन्छ।

**कन्या:** आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। नयाँ व्यक्तिसँग भेटघाट हुनेछ। लाभदायक यात्रा रहनुका साथै पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ।

**तुला:** विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ। वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ।

**वृश्चिक:** धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। शिक्षामा सफलता मिल्नेछ। महत्त्वपूर्ण कामको थालनी हुनेछ।

**धनु:** आज महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। नजिक व्यक्तिबाट धोका पाइन सक्छ, सचेत रहनुहोला। मान्यजनको सुझाव अप्रिय पनि लाग्नेछ।

**मकर:** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। रोकिएको धन हात पर्ला। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ।

**कुम्भ:** आज शुभकार्यको चर्चा चल्नेछ। रमणीय र सुखद् यात्राको योग छ। पार्टी तथा सेमिनारमा सहभागी भइएला। प्रयत्न गरे फाइदा लिन सकिनेछ।

**मीन:** बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ। नसोचेको ठाउँबाट धनागम हुनेछ। मनोरञ्जनमा सहभागिता भइएला। आर्थिक कारोबारमा सफलता पाइएला।

# लय समाउँदै व्यवसायीक बन्यो हुड्के नाच

**नन्दराम जैशी**
**सुर्खेत, ४ बैशाख ।**



कर्णालीमा हराउदै गएको हुड्के नाच फेरी चर्चामा आएको छ। विशेष गरी माओबादी जनयुद्ध (२०५२) पछि हराउँदै गएको यो नाच फेरी एकाएक चर्चामा आएको हो। करिब दुई दशकबढि समय ओझेलमा रहेको हुड्के नाचपछिल्लो समय फेरी पुरानै लयमा फर्किएको छ। माथिल्लो कर्णालीमा विवाह, व्रतबन्ध तथा विभिन्न सभा समारोहमा बजाइने पञ्चै बाजासँगै हुड्के नाच हराउँदै गएको थियो।

तर पछिल्ला केहि बर्ष यता माथिल्लो कर्णालीसँगै सुर्खेतको वीरेन्द्रनगरमा समेत हुड्के नाचले चर्चा पाएको छ। वीरेन्द्रनगरमा हुने राजनैतिक भेलादेखि सरकारी तथा विभिन्न संघ संस्था, विद्यालय र खेलकुदका कार्यक्रमा समेत हुड्के नाच अनिवार्य जस्तै बनेको छ।

हिजोआज यो नाच वीरेन्द्रनगरमा आयोजना हुने हरेक सार्वजनिक कार्यक्रममा सजिलै देख्न पाइन्छ। दर्शकहरुले समेत निकै रुचाउने हुड्के नाच प्रर्दशनको माग पनि उत्तिकै बढ्दो छ। पछिल्लो समय गाउँघरमा हुने शुभकार्यमा पनि पञ्चैबाजासँगै हुड्के नाच प्रर्दशनको माग बढ्दो अवस्थामा छ।

हुड्के नाचका लागि जुम्लाका तातोपानी, रारा, सिंजाको जाँच र गोरा गाउँ निकै प्रख्यात ठाउँहरू हुन्। भने कर्णालीका कालीकोट र मुगुमा पनि हुड्के नाच निकै प्रख्यात मानिन्छ। हुड्के नाच्दा सेतो कपडाले बनेको आँगा, शिरमा फेटा, कम्मरमा पेटी, चस्मा, खुट्टामा चाम लगाइन्छ। हातमा बाख्राको छालाले बनाइएको हुड्को समातेर नाचिन्छ। भने गाउँदा हुड्को कानमा लगाएर ताल मिलाएर गाउने गरिन्छ।

हुड्के नाच्न कम्तीमा सात जना चाहिन्छ। जसमा गाउन सिपालु दुई जना उठेर नाच्ने, गीत गाउने गर्नुपर्छ भने एक जना मादल बजाउने, कम्तीमा पनि चार जना भाका छोप्ने गरेर सात जना हुनैपर्छ। गाउन तथा नाच्ने एक जना मात्रै कमी भएमा हुड्के नाच प्रभावित हुन्छ। तर वीरेन्द्रनगरमा प्रदर्शन हुने हुड्के नाच भने सिधै संगितको धुनमा नाच्ने गरिन्छ।

विगत एक बर्ष यता वीरेन्द्रनगरमा निकै चर्चा बटुल्न सफल हुड्के नाचप्रति दर्शकको आकर्षण पनि बढ्दो छ। अन्य नाचको तुलनामा वीरेन्द्रनगरका कुनै पनि कार्यक्रममा हुड्के नाच प्रस्तुत हुदाँ दर्शकहरुको ध्यान नाचमै मात्र केन्द्रित भएको देखिन्छ।

**हुड्के नाच संरक्षणमा भूमिका**

वीरेन्द्रनगरमा हुड्के नाचले चर्चा बटुल्नुकोपछि गायक तथा संगितकार विजयराज सेजुवालको मुख्य भुमिका छ। उनकै पहलमा कालिकोटका बाल कलाकार रामचन्द्र र चन्द्र परियारले २०७२ सालमा पहिलो पटक सुर्खेतमा हुड्के नाच प्रदर्शन गरेका थिए।

'पहिले पहिले प्रचार प्रसारका लागि हुड्के नाच प्रदर्शन गर्न कार्यक्रम आयोजकसँग निशुल्क समय माग्नुपर्थ्यो' उनले भने, 'तर अहिले हाम्रो समय अनुसार आयोजकले शुल्क तिरेर हुड्के नाच देखाइदिन माग गर्छन्।' हुड्के लगायतका कला संस्कृति संरक्षण गर्न गायक सेजुवालको योजना अनुसार सुर्खेतमा कला संस्कृति संरक्षण प्रतिष्ठान समेत स्थापना भएको छ।

हाल सोही प्रतिष्ठान मार्फत हुड्के नाच संरक्षण तथा प्रदर्शनका गतिविधि भइरहेका छन्।प्रतिष्ठानको कार्यक्रम संयोजक समेत रहेका गायक सेजुवाल कर्णालीमा हुड्के नाच संरक्षणको रुपमा पनि चिनिन थालेका छन्। राज्यले गर्नुपर्ने काम गायक सेजुवालको टिमले गरिरहेको छ।

कला संस्कृति संरक्षण प्रतिष्ठान मार्फत सबै नृत्य सिकाइने गरिएपनि अन्य नृत्यको तुलनामा हुड्के नाचले छुट्टै ब्राण्ड लिएको छ। प्रतिष्ठानले भैपरी आउने कार्यक्रमा हुड्के नाचको टिमलाई निशुल्क पनि पठाउने गर्छ। तर अन्य अधिकांश कार्यक्रममा भने आवश्यक रकम लिएर मात्रै हुड्के नाच प्रदर्शन गरिन्छ।

प्रतिष्ठानमा हाल ९० जनाले नृत्य सिकिरहेका छन्। जसमा ३५ जनाले हुड्के नाच राम्रोसँग सिकिसकेका छन्। हाल हुड्के नाचको टिममा रहेर पुर्णिमा सुनार, सारदा खनाल, प्रीति परियार, कल्पना सिंह, सरीता सिंह, अस्मिता बुढा र अस्मिता अधिकारी लगाएत कलाकारले उत्कृष्ट नाच देखाइरहेका छन्।

शुल्क लिएको कार्यक्रमबाट प्राप्त रकमको आधारमा प्रतिष्ठानले हुड्के नाच्ने प्रतिव्यक्तिलाई पाँच सय रुपैंयादेखि एक हजार चार सय रुपैंयासम्म उपलब्ध गराउँछ। हुड्के नाच ओझेलमा परेको देखेपछि हुड्के लगायतका कला संस्कृति संरक्षण गर्न २०५८ सालदेखि संगितमा लागेको गायक सेजुवाल बताउँछन्। उनले 'परेवा जोडी', 'किन लाग्यो दशा', 'सिन्दुर पुछियो' लगायतका देउडा एल्वम तथा 'खोली झर्‍यो गाई', 'खुसीमाथी खुसी छावस' लगायतका झण्डै एक सय वटा लोक तथा देउडा गितमा शब्द, संगित र स्वर दिएका छन्। उनकी श्रीमति पदमपुरा सेजुवाल समेत गायिका हुन्।

**हुड्के नाच सबै जाती र वर्गको रोजाई**

हुड्के नाच कर्णालीमा मात्रै नाचिन्छ। जन्म, विवाहजस्ता शुभकार्यमा हुड्के नाचिन्छ। परम्परा, संस्कृतिसँगै कर्णालीको हुड्के नाच आम्दानीको एउटा स्रोत पनि हो। हुड्के जान्नेले निमन्त्रणा आउँदा सीधै ज्याला निर्धारण गर्छन्। कम्तीमा एक दिनमा खाना खाएर एक हजारदेखि पाँच हजारसम्म लिने गरेको तिला गाउँपालिका-३ जुम्लाका हस्त दमाईको भनाइ छ। उनी करिब ३० बर्ष यता हुड्के नाच्दै आएका छन्। उनका अनुसार कुनै विशेष अवसरमा १०/१५ हजार पनि आम्दानी हुने गरेको छ। यो उनको पुर्ख्यौली सीपमा आधारित पेसा पनि हो।

विशेष गरी कर्णालीमा दमाइ जातीले नाच्ने गरेको हुड्के नाच हाल सबै जाती र वर्गको रोजाइमा परेको छ। हुड्के नाच जस्तो कला संस्कृतिले जातीय र बर्गिय भेदभाव अन्त्य हुदै गएको पनि संकेत गर्छ। बजारमा सजिलै उपलब्ध हुने आधुनिक गीत संगीत र बाजाको प्रभावसँगै परम्परागत रूपमा बजाइने मौलिक लोकबाजा सँगै हुड्के नाच हराउन थालेको थियो।

केहि बर्ष हराएको हुड्के नाच र पञ्चैबाजाको माग कर्णालीमा हुने वैवाहिक समारोहमा फेरी अनिवार्यजस्तै बनेको छ। कर्णालीको मौलिकता झल्काउने हुड्के र पञ्चैबाचा बजाउने सीप पछिल्लो पुस्तामा हस्तान्तरण नहुनु र नयाँ पुस्ताले समेत बेवास्ता गरेपछि यसको संरक्षणमा चुनौती देखिएको थियो।

पञ्चैबाजामा पर्ने नरसिंगा, दमाहा, सनहीलगायतका बाजाको प्रयोगले हुड्के नाच्ने गरिन्छ। यतिबेला गाउँघरमा यस्ता बाजा नै पाउन कठिन छ। गाउँघरका बूढापाका र पर्यटक हुड्के नाच र पञ्चैबाजाप्रति खुबै आकर्षित छन्। तर सरकारी निकायबाट यसको प्रवर्द्धन हुन सकेको छैन।

हुड्के नाच, ढाल नाच, मागल, चुट्किलाजस्ता जातीय तथा क्षेत्रीय पहिचान बोकेका कर्णालीका मौलिक कला संस्कृतिको संरक्षण नहुँदा अस्तित्व घट्दै गएको छ। यस्ता चलनचल्तीमा आएका कलासंस्कृति जगेर्ना गर्न स्थानीय सरकारले पनि लगानी गर्नसके संस्कृति पर्यटनमा प्रवर्द्धन हुने संस्कृतिविद रमानन्द आचार्य बताउछन्।

जुम्लाको तातोपानी गाउँपालिकाले गाउँसभामार्फत कार्यविधि नै बनाएर पञ्चेबाजासँगै हुड्के संरक्षणका गतिविधि गरिरहेको छ। हुड्के तथा पञ्चेबाजाको टोलीलाई आवश्यक पर्ने पहिरन र वार्षिक रकम उलब्ध गराउनेकार्यविधिमा उल्लेख छ। यसले परम्परागत संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा जोड पुग्नेछ। भने संस्कृतिको उत्थान हुने देखिन्छ।

## तत्कालीन कार्यालय प्रमुख आचार्यसहित पाँच जनाविरुद्ध मुद्दा दायर

**युग संवाददाता**
**सुर्खेत, ४ बैशाख ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सामाजिक विकास कार्यालय डोल्पाका तत्कालीन कार्यालय प्रमुख धनञ्जय आचार्यसहित पाँच जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। उनीहरुमाथी ठूलीभेरी नगरपालिका-३ दुनै डोल्पामा खेलकुद मैदान निर्माणका लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त भएको रकम अनियमितता गरेको पाइएको छ।

आयोगले सामाजिक विकास कार्यालय डोल्पाका प्रमुख आचार्य, सव-इञ्जिनियर मोतीप्रसाद बुढा, उपभोक्ता समितिका अध्यक्ष अभिषेक शाही, सचिव अपार गुरुङ र कोषाध्यक्ष विश्वनाथ शाहीविरुद्ध नौ लाख ९३ हजार नौं सय ४० रुपैयाँ बराबरको बिगो दावी गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिएका हुन्।

## दलमा आवद्ध शिक्षकलाई कारबाही गर्नेबारे छलफल

**युग संवाददाता**
**काठमाडौं, ४ बैशाख ।**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राजनीतिक दलमा आबद्ध शिक्षक, प्राध्यापक तथा कर्मचारीलाई कारबाही गर्ने विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठ र प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाबीच मंगलवार सिंहदरबारमा छलफल भएको छ।

शिक्षकहरूले राजनीतिक दलको सदस्यता लिएको, सक्रिय राजनीति गरेको विषयमा मन्त्रालयमा उजुरी प्राप्त भएको र प्रचलित कानुनले शिक्षकलाई राजनीति गर्नबाट बन्देज गरेकाले ती कानुन कार्यान्वयनमा लैजाने विषयमा छलफल भएको जनाइएको छ। छलफलमा शिक्षामन्त्रीले राजनीति गरिरहेका शिक्षक पहिचान गर्नमा निर्वाचन आयोगबाट सहयोग माग गरेकी थिइन्।

"शिक्षा क्षेत्रबाट दलीय राजनीति हटाउने विषयमा त आम सहमति जस्तै भइसकेको छ। अब, कसरी हटाउने भन्ने विषयमा हामीले छलफल गरिरहेका छौं। मन्त्रालयले प्रमाण जुटाउन चाहिने विवरण निर्वाचन आयोगबाट प्राप्त हुने अपेक्षा गरेको छ", मन्त्री श्रेष्ठले भनिन्।

छलफलका क्रममा प्रमुख आयुक्त थपलियाले विद्यमान कानुन, विगतमा अदालतबाट भएका फैसला र अन्तर्राष्ट्रिय अभ्याससमेत हेरेर दलमा आबद्ध शिक्षक र कर्मचारीलाई कारबाही गर्न कुनै समस्या नरहेको बताएकी थिइन्। विगतमा निर्वाचन आयोगले निर्णय नै गरेको र कानुन कार्यान्वयन गराउन आयोगको सहयोग रहने प्रमुख आयुक्त थपलियाले विश्वास दिएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ।

## अदालतमा भर्चुअल माध्यमबाट बहसको व्यवस्था गर्न निर्देशन

**युग संवाददाता**
**हुम्ला, ४ बैशाख ।**

प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठले मुद्धा मामिलामा अदालतमा हुने बहसलाई भर्चुअल माध्यमबाट गर्ने व्यवस्था मिलाउन निर्देशन दिएका छन्। दुर्गम बहस गर्ने अधिवक्ताको कमी हुने र सेवाग्राहीले आर्थिक भार कम गर्नका लागि यो व्यवस्था मिलाउन जिल्ला अदालतलाई उनले निर्देशन दिएका हुन्।

जिल्ला अदालतको निरीक्षण गर्न आएका प्रधानन्यायाधीश श्रेष्ठले अदालतका कर्मचारीहरुलाई निर्देशन दिँदै मुद्दाको बहस कार्यका लागि भर्चुअल माध्यमबाट गर्न सकिने गरि प्रविधिको प्रयोग गर्न निर्देशन दिए। उनले दुर्गम क्षेत्रका अधिवक्ताहरु कम हुने र बाहिरबाट अधिवक्ता ल्याउनुपर्दा सेवाग्राहीले आर्थिक भार बढी हुने भएको कारण प्रविधिको प्रयोग गरि बहसको व्यवस्था गर्नै पर्ने बताए। उनले जसरी पनि छिटो, छरितो र कम लागतका सेवाग्राहीको काम गर्नुपर्ने भएको कारण अधिवक्ता बेन्चमा उपस्थित भएर बहस गर्नु भन्दा भर्चुअल माध्यमको प्रयोग गर्दा सहज हुने बताए।

बहसका लागि नियमानुसार सो माध्यम मिल्ने भएको कारण दुर्गमका अदालतले पनि बहस गर्ने तरिका छिटो अपनाउनु पर्ने प्रधानन्यायाधीश श्रेष्ठले बताए। यसका लागि साधन श्रोतको अभाव भए सहयोग गर्न सर्वोच्च अदालत तयार रहेको उनले बताए। उनले न्याय सम्पादन कार्य समयमै सम्पन्न गर्नेतर्फ अदालतले ध्यान दिनुपर्ने बताए। उनले न्याय सम्पादन कार्य ढिला सुस्ती गरेर सेवाग्राहीहरुलाई झनै समस्या पार्न नहुने बताउँदै प्रत्येक मुद्धाको किनारा लगाउने कार्य समय सिमा भित्र गर्नुपर्ने बताए।

यसअघि अदालतको निरीक्षण गरेका थिए। उनीसँगै मुख्य रजिष्टार देवेन्द्रराज ढकाल र सहरजिष्टार अर्जुन प्रसाद कोइराला आएका थिए। हुम्ला अदालतको निरीक्षणपछि प्रधानन्यायाधीश श्रेष्ठको टोली फिर्ता भएको छ।

## उपचारका क्रममा निधन बलामीको शव अझै अस्पतालमै

**युग संवाददाता**
**सुर्खेत, ४ बैशाख ।**

दैलेखको आठबीस नगरपालिका-५ पिपलकोटकी २२ वर्षीया भिमा गुरुङ बलामीको उपचारका क्रममा ज्यान गएको मंगलवार ६ दिन बितेको छ। हिंडेरै उपचारका लागि कर्णाली प्रादेशिक अस्पताल सुर्खेत पुगेकी उनको पाठेघर सफा गर्ने क्रममा चैत २९ गते ज्यान गएको थियो।

तल्लो पेट दुख्ने र रगत बग्ने समस्या भएपछि नेपाली सेनाको मध्यपश्चिम पृतना बुटवलमा सिपाही पदमा कार्यरत भिमाका श्रीमान् नमराजले अस्पताल पुऱ्याएका थिए। तर उपचारका क्रममा ज्यान गएपछि परिवार र आफन्तले अस्पतालको टोलीले अप्रेसनमा लापर्बाही गरेको आरोप लगाउँदै आएका छन्।

भिमाको शव अझै अस्पतालमै रहेको छ। मृतकको आठ महिने छोरी बिवाङ्गसीको पालनपोषण र शिक्षाको व्यवस्था, परिवारका एक जनालाई रोजगारी तथा उपचारमा लापर्बाही गर्नेलाई कारबाहीको माग राखेर पीडित पक्षले आन्दोलन गर्दै आएका छन्। आफ्ना मागमा सरकारी पक्षबाट बेवास्ता गरिएको भन्दै पोस्टमार्टम गर्न पीडित पक्षले अस्वीकार गर्दै आएका छन्।


## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०१/०३)**

यस सुर्खेत एजुकेशन डेभलपमेन्ट एकेडेमी (सेडा) प्रा.लिमा निम्न अनुसार शिक्षक आवश्यक परेकाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट रितपूर्वक आवश्यक कागजात सहित दरखास्त पेश गर्न आव्हान गरिन्छ।

**विज्ञापन नं.** : ०१/२०८०/०८१
**पद** : पूर्व आधारभुत तह शिक्षक
**आवश्यक संख्या** : २ (दुई) जना
**आवश्यक न्यूनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ उत्तिर्ण।
**अन्य वाञ्छनिय योग्यता** :

- सम्बन्धित तहमा कम्तीमा २ वर्ष अध्यापन गरेको अनुभव।
- मन्टेश्वरी तालिम प्राप्त गर्नुका साथै ग्रेड टिचिङ सम्बन्धी ज्ञान भएको।
- अंग्रेजी माध्यममा अध्यापन गर्न सक्ने।
- कम्प्यूटर सम्बन्धी ज्ञान भएको।

**उमेरको हद** : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ।
**दरखास्त दस्तुर** : रु ५००। (पाचं सय रुपैया मात्र)।

**विज्ञापन नं.** : ०२/२०८०/०८१
**पद** : निम्न माध्यामिक तह शिक्षक
**आवश्यक संख्या** : २ (दुई) जना
**आवश्यक न्यूनतम शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण।
**विषय** : विज्ञान (१), गणित (१)
**अन्य वाञ्छनिय योग्यता** :

- सम्बन्धित तहमा कम्तीमा २ वर्ष अध्यापन गरेको अनुभव।
- अंग्रेजी माध्यममा अध्यापन गर्न सक्ने।
- कम्प्यूटर सम्बन्धी ज्ञान भएको।

**उमेरको हद** : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ।
**दरखास्त दस्तुर** : रु ७००। ( सात सय रुपैया मात्र )।

**दरखास्त पेश गर्ने अन्तिम मितिः** २०८१।०१।०९ गते आइतवार कार्यालय समय भित्र
**सम्पर्क मिति** : २०८१।०१।१० गते सोमवार
**परिक्षाको मिति र समय** : सम्पर्क मितिमा जानकारी गराईनेछ
**नोट** : सर्टलिस्टमा छनौट भएका उम्मेदवारहरुलाई मात्र परिक्षा तथा अन्तर्वार्तामा समावेश गराइनेछ। छनौट सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।

**सुर्खेत एजुकेशन डेभलपमेन्ट एकेडेमी (सेडा) प्रा.लि.**
**वीरेन्द्रनगर–१०, सुर्खेत**
**सम्पर्क नं. : ०८३–५२५२१०**



## समाज जागरण केन्द्र (स्याक) नेपाल

**केन्द्रिय कार्यालय, कर्णाली प्रदेश, सुर्खेत**

## टेन्डर आव्हान सम्वन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०१/०४ गते**

यस कार्यालयको खरिद उप-समितिको मिति २०८१/०१/०३ गतेको बैठकको निर्णय अनुसार Plan International Nepal संगको साझेदारीमा जाजरकोट र रुकुम जिल्लामा संचालित भुकम्प प्रतिकार्य तथा सहयोग कार्यक्रमका लागि तपसिल अनुसार (अनुमानित परिमाण) का सामग्रीहरु खरिद गर्नु पर्ने भएकाले देहाय बमोजिमका शर्त र वन्देजको अधिनमा रहि पहिलो पटक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयले उपलव्ध गराएको टेन्डर फाराम भरी सोको भोलिपल्ट दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराउनुहुन सम्वन्धित इच्छुक योग्य आपूर्तिकर्ताहरुका लागि सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| S. No | Items description | Unit | Estimated Quantity Required |
|---|---|---|---|
| 1 | Ordinary Portland Cement (OPC), NS certified, 43 Grade and 50 Kg/bag must be in fully workable condition | Bag | 170 |
| 2 | 8 mm ø, Fe 500 TMT steel reinforcement bar with NS certification, no or less rusted | Kg | 150 |
| 3 | Soft and ductile Binding Wire (0.8mm), not rusted | KG | 105 |
| 4 | 40mmø GI Pipe with Cap heavy galvanized (0.8 RM/piece) | No | 9 |
| 5 | 32 mm ø HDPE Pipe 8Kgf (16 PN) | RM | 2400 |
| 6 | 25 mm ø HDPE Pipe 8Kgf (16 PN) | RM | 5100 |
| 7 | 20 mm ø HDPE Pipe @10Kgf (16 PN) | RM | 7600 |
| 8 | 500 liter capacity, High Denise Poly Ethylene (HDPE ) Extra Heavy Water tank (36 ø, 3 layer Plastic) | No | 3 |
| 9 | Mild steel water tank stand @ 40Kg weight, 9 feet tall- made in perfect welding of angular sections, provided with top railing and cross bracing. | No | 2 |
| 10 | Germ Protection Soap (100 gram) | No | 216 |
| 11 | Tap stand fittings with medium gauze NS certified brass water tap (Hulas/Arati or equivalent) | No | 17 |
| 12 | PVC Pipe Fitting | No | 2 |

१. टेन्डर फाराम संस्थाको केन्द्रिय कार्यालय वा संस्थाको वइव साइड www.sacnepal.org.np वा jobsnepal.com बाट प्राप्त गर्न सकिनेछ।
२. टेन्डर फाराम वुझाउने अन्तिम म्याद २०८१ वैशाष ११ गते दिनको १२:०० वजे सम्म।
३. प्राप्त भएका टेन्डर फारामहरु २०८१ वैशाष ११ गते दिनको १:०० वजे सस्थाको केन्द्रिय कार्यालय, वीरेन्द्रनगर-१२, सुर्खेतमा सम्वन्धित आपुर्तिकर्ताहरुको रोहवरमा खोलिने छ यद्यपि आपुर्तिकर्ताहरु उपस्थित नभएमा पनि टेन्डर फाराम खोल्न कुनै वाधा पर्ने छैन।
४.टेन्डर फाराम पेश गर्दा आपुर्तिकर्ताले तपसिल अनुसारका कागजातहरु यस कार्यालयमा पेश गर्नु पर्ने छ।
क) मुअकर दर्ता प्रमाण पत्र/प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि
ख) आव २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
ग) उद्योग वाणिज्य र अन्य सम्वन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको अन्तिम नविकरण सहितको प्रतिलिपि
घ) २०८० श्रावण १ पछि दर्ता भएकोलाई कर चुक्ता आवश्यकता नपर्ने।
५. टेण्डर फाराम पुर्ण वा आंशिकरुपले स्वीकृत गर्ने वा नगर्ने अधिकार यस सस्थामा निहित रहने छ।
६. प्रति इकाई मुल्यमा र परिमाणको गुणा वा जोडमा फरक परेमा प्रति इकाई मुल्यलाई मान्यता दिइनेछ। टेन्डर फाराममा अक्षर र अंक कुनै एक मा खुलेको हुनु पर्नेछ। साथै कुनै अंक वा अक्षरमा केरमेट भएमा एक पटक काटि सहिछाप लागेको हुने पर्नेछ। अन्यथा टेन्डर फारामहरु स्वतः रद्ध हुसक्नेछ।
७. आपुर्तिकर्ताले सामग्रीहरुको टेन्डर फाराम भरिसके पश्चात संस्थाको केन्द्रीय कार्यालय वीरेन्द्रनगर, सुर्खेत वुझाउन पर्ने छ।
८.टेन्डर फाराममा कबोल गरेको जम्मा करयोग्य रकम बराबरको २.५ प्रतिशत धरौटि रकम क बर्गका वैंक हरुबाट समाज जागरण केन्द्र (स्याक) नेपालको नाममा बैंक ग्यारेन्टिको सक्कल पत्र वा सानिमा बैंक लि सुर्खेत शाखा, स्याक नेपाल (SAC Nepal) खाता नं. 030010010000362 मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गर्नुपर्नेछ।
९. यस बाहेक थप जानकारी आवश्यक परेमा कार्यालयको फोन नं.०८३-५२१२८२ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# भतिजीमाथी बलात्कार, गर्भ बसेपछि ढुंगा हानेर हत्या

◣युग संवाददाता
बैतडी, ४ वैशाख ।

आफ्नै भतिजीलाई बलात्कारपछि हत्या गरेको आरोपमा बैतडीमा एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा जिल्लाको पुर्चौंडी नगरपालिकाका ४ का ३० वर्षीय युवक रहेका बैतडीका प्रहरी प्रवक्ता, प्रहरी निरीक्षक खेमविक्रम केसीले जानकारी दिए ।

१७ वर्षीया बालिकालाई हाडनाता करणी गरी हत्या गरेको आरोपमा उनलाई वैशाख ३ गते इलाका प्रहरी कार्यालय, पाटनका इन्सपेक्टर सरोजकुमार ठकुराठीको नेतृत्वमा खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । विवाहित बालिका चैत्र २६ गते हराएकी थिइन् । ती बालिकाले १ वर्ष अगाडि भागेर विहे गरेकी बताइएको छ ।

बालिकाका माइती पक्षले बालिका हराएको जाहेरी दिएपछि प्रहरीले घटनाबारे अनुसन्धान सुरु गरेको थियो । बालिकाको शव पुर्चौंडी नगरपालिका-४ स्थित रातोमाटी जंगलमा चैत्र २८ गते फेला परेको थियो । मृतक बालिकाको शव परीक्षण गर्दा पेटमा अन्दाजी १८ हप्ताको गर्भ रहेको खुलेको बैतडीका प्रहरी प्रमुख,प्रहरी नायव उपरीक्षक दीपक गिरीले बताए ।

प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार आरोपितले बालिकालाई ललाइफकाइ र धम्की दिएर पटकपटक करणी गर्दै आएको र गर्भ रहेपछि गर्भ फाल्नसमेत समय पुगिसकेकाले बालिकालाई जंगलमा बोलाई ढुंगा प्रहार गरी हत्या गरेको बुझिएको छ ।

मृतक बालिकाका श्रीमान २०८० साल साउन महिनादेखि भारतमा रोजगारीका लागि गएको बुझिएको छ । आरोपितलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ ।

## कर्णालीमा...

गरिएको छ । सम्भावित उत्पादन क्षेत्रलाई प्राविधिक अध्ययनका आधारमा पालिका छनौंट गरिएको उनले बताए । जिल्ला कृषि विकास कार्यालय दैलेखले विशेष प्राथमिकतामा बाली र पशुपन्छी उत्पादन क्षेत्र कार्यक्रमलाई राखेको छ । उक्त कार्यक्रम कार्यान्वयनका लागि ७५ लाख बजेट विनियोजन गरिएको कार्यालयले जनाएको छ । आलु विशेष क्षेत्र कार्यक्रमका लागि यो बर्ष चार वटा पालिका छनौंट गरिएको कार्यालय प्रमुख दशरथ पाण्डेले बताए ।

उनका अनुसार उत्पादन क्षेत्र विशेष कार्यक्रम प्रभावकारी हुने देखिएको छ । आलु उत्पादन क्षेत्र विशेष कार्यक्रमका लागि दैलेखको भैरवी र गुराँस गाउँपालिका, चामुन्डाविन्द्रासैनी र नारायण नगरपालिका छनौंट भएका पाण्डेले जानकारी दिए । आलु विशेष कार्यक्रम प्रभावकारी रहेको कार्यालयको दाबी छ ।

यो 'सिजन' मा चार पालिकामा गरी ४७ मेट्रिक टन आलु उत्पादन भएको उनले जानकारी दिए । यहाँ हिउँदे र बर्खे गरी दुई सिजनमा आलु उत्पादन गर्ने गरिएको छ । जिल्ला कृषि विकास कार्यालय कालीकोटले यो बर्षदेखि बाली र पशुपन्छी विशेष उत्पादन क्षेत्र कार्यक्रम सुरु गरी प्राविधिक अध्ययनका आधारमा पालिका छनौंट गरिएको जनाएको छ। जिल्ला कृषि विकास कार्यालय रुकुमपश्चिमले यो बर्षदेखि कार्यक्रम सुरु गरिएको जनाएको छ। कार्यालयले बजेट विनियोजन गरेर कार्यक्रम कार्यान्वयन भईरहेको जनाएको छ । यो बर्षदेखि बाली र पशुपन्छी विशेष उत्पादन क्षेत्रका रूपमा नयाँ कार्यक्रमको सुरुआत गरिएको कार्यालय प्रमुख मीनबहादुर केसीले बताए ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जिल्ला जिल्लालाई आवश्यकताका आधारमा बजेट विनियोजन गर्ने र कार्यान्वयन गर्ने जिम्मेवारी दिइएको जनाएको छ । गुणस्तरिय बीउ बिजनमा प्रदेशलाई आत्मनिर्भर बनाउने लक्ष्य राखिएको मन्त्रालयको दाबी छ। 'रैथाने बाली, बीउ बिजन, नस्ल र कृषि तथा पशुपन्छीजन्य जैविक विविधता संरक्षणमा स्थानीय तह र समुदायलाई प्रोत्साहन गर्ने गरी कार्यक्रम सञ्चालन गरिएको मन्त्रालयका सूचना अधिकारी अधिकारीले बताए ।


## श्री शिखर माध्यमिक विद्यालय
भेरीगंगा-११, रामघाट, सुर्खेत

### विज्ञापन सम्बन्धमा
मिति: २०८०/१२/२८

प्रस्तुत विषयका सम्बन्धमा यस विद्यालयको माध्यमिक तह राहत अनुदान कोटा अंग्रेजी विषयको रिक्त दरबन्दिमा शिक्षा विकास तथा समन्वय इकाई सुर्खेतको अनुमति पत्रानुसार तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट तोकिएको मिति दरखास्त आव्हान गरिन्छ । भित्र रितपूर्वक दस्तखत आव्हान गरिन्छ ।

**तपसिल:**
१. विज्ञापन न: ०४/०८०/०८१
२. तह: माध्यमिक
३. विषय: अंग्रेजी
४. पद: शिक्षक (राहत)
५. संख्या: १ (एक)
६. उमेर: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७. सेवाको किसिम: करार
८. सेवा सुविधा: नेपाल सरकारको प्रचलित नियमानुसार
९. दरखास्त दस्तुर: १०००/- (अक्षेरुपी एकहजार मात्र)
(विद्यालयले तोकेको बैंकमा गई दस्तुर बुझाई भौचर विद्यालयमा पेश गर्नुपर्ने छ)
१०. शैक्षिक योग्यता: अंग्रेजी मूल विषय लिई स्नातक तह उत्तीर्ण गरेको
११. दरखास्त बुझाउने मिति: २०८०/१२/२८ गतेदेखि २०८१/०१/१२ गते कार्यालय समयसम्म
१२. दरखास्त बुझाउने स्थान: सम्बन्धित विद्यालय
१३. सम्पर्क मिति: २०८१/०१/१३
१४. परीक्षाको किसिम: लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक
१५. दरखास्त साथ बुझाउनु पर्ने आवश्यक कागजातहरु:
  १. व्यक्तिगत निवेदन
  २. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
  ३. एस.एल.सी. देखि माथिका शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि १/१ प्रति
  ४. अध्यापन अनुमति पत्रको प्रतिलिपि १ प्रति


## यस्तो...

१४ अर्ब २७ करोड ५० लाखको लगानी स्वीकृतसमेत गरिसकेको छ। उद्योगले दैनिक ५० देखि ६० हजार बोरा सिमेन्ट उत्पादन गर्ने, तीन हजार टन क्लिङ्कर उत्पादन गर्ने, दक्ष र अदक्ष कामदारलाई प्रत्यक्ष करिब चार सय ८० जना र अप्रत्यक्ष रुपमा झण्डै दश हजार जनालाई रोजगारी सिर्जना गर्ने लक्ष्य कम्पनीले लिएको छ। खानी र उद्योगसम्म पहुँच मार्ग/सडक, बत्ती लाइन तथा पानी पुऱ्याउन संघीय सरकार र कर्णाली प्रदेश सरकारले काम गरिरहेका छन् ।


## इन्फ्लुएन्जा (फ्लू)बाट सुरक्षित रहौं

### इन्फ्लुएन्जा (फ्लू) भनेको के हो ?
इन्फ्लुएन्जालाई बोलीचालीको भाषामा फ्लू भनिन्छ। यो इन्फ्लुएन्जा भाइरसका कारणले लाग्ने संक्रामक रोग हो। जाडो महिनामा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैंसे र वृद्धवृद्धा समेत सबै उमेरका व्यक्तिहरूलाई फ्लू लाग्न सक्छ।

### फ्लू कसरी सर्छ ?
फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ। ती छिटा सासबाट फोक्सोमा पनि जान सक्छन्। भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लू लाग्न सक्छ।

### फ्लूका लक्षण के हुन् ?
- ज्वरो आउनु
- खोकी लाग्नु र घाँटी दुख्नु
- टाउको दुख्नु
- नाक बन्द हुनु वा सिँगान बग्नु
- जिउ र मांसपेशी दुख्नु
- थकान महसुस हुनु

( फ्लू भएका सबैलाई ज्वरो नआउन पनि सक्छ )

### फ्लू रोकथाम कसरी गर्ने ?
- बिरामी भएका व्यक्तिहरूसँग भौतिक दूरी राख्ने
- खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने
- शारीरिक रूपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- आफ्नो आँखा, नाक वा मुख नछुने

फ्लू भएका अधिकांश व्यक्तिहरूलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधिहरू आवश्यक पर्दैन। दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिले स्वास्थ्यकर्मीको निगरानी वा सम्पर्कमा रहनुहोला।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत



## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००



## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१



## हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि

२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८



## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्यूशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन् ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



## ८१ क्यालेण्डर

भवानी छापाखाना DIGITAL COLOUR PRINTER
सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
क्यालेण्डर
स्पाइरल साधारण टेबल
के तपाई २०८१ सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
✉ : pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
☎: 083-521615, 9858067999


युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।